# महाबु गाउँपालिका

## गैडाबाज दैलेख

## कर्णाली प्रदेश नेपाल

# आ व २०८३/०८४ को बजेट तथा कार्यक्रम

**गाउँपालिका उपाध्यक्ष श्री मञ्जु कुमारी शर्मा पाण्डे द्वारा**
**महाबु गाउँपालिकाको गाउँ सभाको १९ औ अधिवेशनमा प्रस्तुत**

# बजेट वक्तव्य

**यस समान्नित गाउँसभाका सभाध्यक्ष महोदय**
**गाउँसभाका सदस्यज्यूहरु,**
**उपस्थित कर्मचारी तथा सम्पूर्ण महानुभावहरु,**

नेपालको संविधानले परिकल्पना गरेको समृद्ध, समुन्नत र समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको मार्गचित्रलाई आत्मसात गर्दै महाबु गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ।

यस अवसरमा राष्ट्र निर्माण, लोकतान्त्रिक आन्दोलन, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा स्थानीय स्वशासन सुदृढीकरणका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, राष्ट्र निर्माण र सामाजिक रूपान्तरणमा योगदान पु¥याउनुहुने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

यस गाउँपालिकाको सुख, शान्ती, गौरव, गरिमा र समुन्नती हासिल गर्नका लागि हाम्रा प्रयास, प्राथमिकता र प्रतिबद्दताहरु के-कस्ता नीति तथा कार्यक्रम मार्फत निर्देशित रहनेछन भन्ने कुरा हामीले यस गरिमामय सभाको अधिवेशनबाट स्वीकृत गरि कार्यक्रम तथा बजेट तर्जुमाका आधार तथा प्राथमिकताहरुलाई अनुमोदन गरिसकेका छौं। नीति तथा कार्यक्रममा

अवलम्बन गर्ने भनिएका हाम्रा विकास प्रयासहरुलाई हासिल गर्ने प्रमुख औजारका रुपमा रहने कार्यक्रम योजनागत बजेटलाई सहि गन्तव्यतर्फ दिशानिर्देश गर्नुलाई मैले आफ्नो गहन जिम्मेवारी सम्झेको छु।

**गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँ सभाका सदस्यज्यूहरु,**

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान (२०७२), चालु १६ औ पञ्चर्षीय योजना, गाउँपालिकाको पहिलो पञ्चबर्षिय आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, स्थानीय सरकार संजालन ऐन २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु, विभिन्न राजनीतिक दलहरु, नागरिक समाज, पत्रकार, बुद्दिजिवीहरु तथा विकास साझेदारहरुवाट प्राप्त सुझावहरु, गाउँपालिकाको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा साँस्कृतिक अवस्था लगायतका आधारहरु लिईएको छ।

बजेट निर्माणका क्रममा देहायका उद्देश्यहरूलाई विशेष प्राथमिकता दिइएको छः

- कृषि, पर्यटन, पूर्वाधार र उद्यम विकासमार्फत स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने।
- गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी तथा सामाजिक सुरक्षामा पहुँच अभिवृद्धि गर्ने।
- उत्पादन, रोजगारी तथा उद्यमशीलता प्रवर्द्धन गर्ने।

- सुशासन, पारदर्शिता, जवाफदेहिता तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने।
- जलवायु अनुकूल विकास, विपद् जोखिम न्यूनीकरण तथा वातावरण संरक्षणलाई प्राथमिकता दिने।

**गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँ सभाका सदस्यज्यूहरु,**

बजेट भनेको कुनै निश्चित वर्ष वा अवधिका लागि लक्ष्य, गन्तव्य, प्राथमिकता, प्रतिबद्दता, नीति, कार्यनीति सहित वित्तीय स्रोतको सुनिश्चितता पनि हो। मैले यो बजेट तर्जुमा गर्दै गर्दा हाम्रो आय बमोजिम कुशल व्यय हुने गरि यस गाउँको समृद्दीतर्फको भविष्य र जनताको विकास प्राप्तिको आकांक्षालाई सम्बोधन गर्न परिणाममुखी बजेट विनियोजन सिद्दान्तलाई आत्मसाथ गरेको छु। गाउँपालिकाको अर्थतन्त्रको थप पुँजी निर्माण हुने खर्च र पुँजीगत प्राप्ती तर्फ लक्षित आर्थिक वर्ष २०८३।०८४ को स्वीकृत नीति तथा कार्यक्रमका आधारमा प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन हुने व्यवस्था मिलाएको छु ।

गाउँ कार्यपालिकाबाट स्वीकृत गरि पेश गरेको आ.व. २०८३।०८४ को आय र व्ययको अनुमान स्वीकृतिको लागि यथार्थ बजेट रकम आय र व्ययको अनुमान गर्नुपूर्व गत आ.व.को यथार्थ आय र व्यय, चालु आर्थिक वर्षको संसोधित आय-व्यय प्रस्तुत गर्न सान्दर्भिक ठानी यस सम्मानीत गाउँसभा समक्ष पेश गरेको छु ।

**गाउँसभाका अध्यक्ष महोदय,**

**गाउँ सभाका सदस्यज्यूहरु,**

अव म चालु आ.व. २०८२/०८३ को असार ७ गते सम्मको यथार्थ आय-व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहान्छु।

महाबु गाउँपालिकाको चालु आ.व. मा विषयगत निकाय बाहेक विनियोजन गरिएको कुल अनुमानित बजेट रु ४६ करोड ८ लाख ४४ हजार ७ सय ९७ र पैसा ४ मध्ये हाल सम्म रु ४० करोड २५ लाख ९४ हजार ७ सय ८४ रुपैयाँ २१ पैसा कुल आम्दानी भएको छ । सो रकम मध्ये यस गाउँपालिकाको खातामा हाल सम्म चालु तर्फ रु ३२ करोड ८६ लाख ६८ हजार ७ सय ७९ र पैसा २९ र पुंजीगत तर्फ रु १३ करोड २१ लाख ७६ हजार रुपैया प्राप्त भएकोमा चालु तर्फ रु २४ करोड ५७ लाख २९ हजार ८ सय ३३ र पैसा ४० र पूँजीगत तर्फ ५ करोड ४४ लाख ९७ हजार २ सय ९३ रुपैया मात्र खर्च भएको देखिन्छ । हालसम्म यस गाउँपालिकामा कुल वजेट मध्ये चालु तर्फ ७४।७७ प्रतिशत र पुँजीगत तर्फ ४१।२३ प्रतिशत खर्च भएको छ।

प्रकोप व्यवस्थापन कोषमा २३ लाख ८१ हजार ४ सय ११ रुपैयाँ २० पैसा आम्दानी गरीएकोमा हालसम्म ६ लाख ४७ हजार ६ रुपैयाँ खर्च भएको छ ।

विविध खर्च खातामा स्थानीय जलबायु अनुकुलन परियोजना र युनिसेफ नेपाल बाट प्राप्त रकम समेत गरी रु ५ करोड १० लाख ८ हजार ५ सय ६१ रुपैया र पैसा २९ आम्दानी भएकोमा १ करोड ५३ लाख ९६ हजार २ सय ९६ रुपैया र ३४ पैसा मात्र खर्च भएको छ ।

। चालु खर्च तर्फको रकम गाउँपालिकाका कर्मचारी, पदाधिकारी, शिक्षक, स्वास्थ्यकर्मी लगायत अन्य कार्यालय संचालन सम्वन्धि शीर्षकमा खर्च भएको छ भने पूजिगत खर्च तर्फको रकम गाउँपालिका स्तरीय र वडास्तरीय योजना तथा कार्यक्रम र विषयगत शाखाका कार्यक्रम तथा योजनाहरु तर्फ खर्च भएको देखिन्छ । चालु खर्चमा सामाजिक सुरक्षा तर्फको रकम समावेश गरिएको छैन ।

**गाउँसभाका अध्यक्ष महोदय**
**गाउँ सभाका सदस्यज्यूहरु**

अब म आगामी आर्थिक वर्षका लागि प्रस्तावित राजश्व र खर्चको विवरण प्रस्तुत गर्न चाहान्छु ।

यस गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ का लागि कुल आय रु. ६१ करोड २० लाख ९३ हजार ८ सय ७२ रुपैया हुने अनुमान गरिएको छ भने कुल खर्च तर्फ चालु खर्च ४३ करोड ४८ लाख ८८ हजार रहेको छ भने पुँजीगत तर्फ १७ करोड ७२ लाख १३ हजार ८ सय ७२ रहेको छ। कुल आय तथा व्ययको स्रोत र क्षेत्रगत विवरण निम्नानुसार रहेको छ ।

आयतर्फ
क. आन्तरिक आयः रु १ करोड ७५ लाख ५० हजार
ख. राजश्व बाँडफाँडः रु ९ करोड ७ लाख १ हजार ८ सय ७२
ग. समानिकरण अनुदान (नेपाल सरकार): ८ करोड ७० लाख
घ. समानिकरण अनुदान (प्रदेश सरकार): १ करोड ११ लाख ५८ हजार

ङ. सशर्त अनुदान नेपाल सरकारः १८ करोड ५२ लाख
च. सशर्त अनुदान प्रदेश सरकारः २ करोड २८ लाख १४ हजार
छ. विशेष अनुदान नेपाल सरकार : १ करोड ८० लाख
ज. विशेष अनुदान प्रदेश सरकार : ३०  लाख
झ. समपुरक अनुदान संघीय सरकार : १ करोड ८१ लाख
ञ. समपुरक अनुदान प्रदेश सरकारः २ करोड ४० लाख
ट. स्थानीय जलवायु अनुकुलन परियोजना : ३ करोड ७२ लाख
ठ. सामाजिक सुरक्षा भत्ता तर्फ रु १० करोड

**जम्मा रु. ६१ करोड २० लाख ९३ हजार ८ सय ७२ रुपैया**
व्ययतर्फ
क. चालु खर्च : ४३ करोड ४८ लाख ८८ हजार

ख. पुँजीगत खर्च : १७ करोड ७२ लाख १३ हजार ८ सय ७२

**ग. कुल जम्मा : ६१ करोड २० लाख ९३ हजार ८ सय ७२ रुपैया**

उल्लेखित अनुमानित आय र व्ययको बजेट रकम बराबर हुने गरि विनियोजन गरिको छु। यसले गर्दा यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट सन्तुलित बजेटको सिद्धान्त अनुसार आ.व. २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रममा आधारित भएर बजेट तर्जुमा भएको व्यहोरा यस सम्मानित गाउँसभालाई जानकारी गराएको छु।

खर्च तर्फ योजनागत विस्तृत विवरण गाउँसभाबाट पारित भैसके पश्चात सार्वजनिक गरिने छ ।

व्ययको चालु प्रशासनिक खर्च तर्फ नेपाल सरकारले तोकेको राष्ट्रसेवक कर्मचारीहरुको तलब, सेवा सुविधा र गाउँपालिकाले दिएको सेवा सुविधा सोही सरह कायम हुने गरि यस गाउँपालिकामा कार्यरत सम्पूर्ण स्थायी, करार, ज्यालादारी कर्मचारीहरुको तलब भत्ता र अन्य सुविधा प्रशासनिक खर्चको शिर्षकमा तलब भत्ता र सुविधाको खर्च रकम उल्लेख गरेको छु । विकास खर्चलाई चालु खर्चमा परिवर्तन गर्न नपाईने, करारमा कार्यरत कर्मचारीहरुको पुनरावलोकन गरि प्रशासनिक खर्च भार घटाउने र खरिद प्रक्रियालाई पारदर्शी बनाउँदै समयमै खरिद कार्य सम्पन्न हुने र आफ्नै आन्तरिक स्रोतले चालु खर्च धान्ने गरि आत्मनिर्भर उन्मुख बजेट कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

**गाउँसभाका अध्यक्ष महोदय**
**गाउँसभाका सदस्यज्यूहरु**

अब म गाउँपालिकाको आ.व. २०८३।०८४ का लागि शिर्षिकगत रुपमा विनियोजन गरिएको बजेट प्रस्तुत गर्न चाहन्छु ।

१. महाबु गाउँपालिका अन्तर्गतका विभिन्न शाखाहरुबाट विभिन्न कार्यक्रम संचालनका लागि रु ९३ लाख गरेको छु ।
२. विपन्नको नागरिक आवास कार्यक्रमका लागि रु ३० लाख बजेट व्यवस्थापन गरेको छु ।

३. गाउँपालिका भित्र रहेका सम्पूर्ण सडकहरुमा आवतजावत सहज बनाउन मर्मत सम्भार कोषलाई निरन्तरता दिएको छु । गाउँपालिका भित्रका मुख्य सडकहरु मर्मतसम्भार गर्न निश्चित अवधिका लागि सडक मर्मत कार्यकर्ताको ब्यवस्था मिलाएको छु । मर्मत सम्भार कोषका लागि रु ३५ लाख बजेट विनियोजन गरेको छु ।

४. एकपाटे लामिडाँडा टाकुरी काशिकाध जोड्ने सडक र गैडाबाज फागु काशिकाध सडक निर्माणका लागि रु २ करोड ५९ लाख र गैडाबाज बासि सडक र फागु गडिगाउँ सडक स्तरोन्नतीका लागि रु ४ करोड बजेट विनियोजन गरेको छु ।

५. स्थानीय प्रकोष व्यवस्थापन कोषलाई निरन्नतरता दिनका हाल मौज्दात रकम सहित गरी रु २० लाख बिनियोजन गरेको छु ।

६. महाबु गाउँपालिकाको भौगोलिक विकटता र यातायातको असुविधाका कारण ज्येष्ठ नागरिक, असहाय, अपाङ्गता भएका ब्यक्तिलाई सरल र सहज रुपमा सामाजिक सुरक्षा भत्तालाई सम्बन्धित वडा कार्यालयबाट त्रैमासिक रुपमा वितरण गर्ने कार्यलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

७. जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण, अनुकूलन क्षमता अभिवृद्धि, वातावरण संरक्षण तथा विपद् जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्न जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACC) अन्तर्गत रु. ३ करोड ७२ लाख बजेट व्यवस्थापन गरेको छु। साथै सोको साझेदारीका लागि रु १ करोड १० लाख बजेट व्यवस्थापन गरेको छु ।

८. मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि प्रत्येक वडामा १५ लाखका दरले एक एक वटा योजना कार्यान्वयन हुने गरी रु ९० लाख बजेट व्यवस्थापन गरेको छु ।

९. प्रत्येक वडाहरुमा योजना तथा कार्यक्रम कार्यान्वयनका लागि रु १ करोड ९२ लाख बजेट विनियोजन गरेको छु ।

१०. गाउँपालिकाको सम्पुर्ण कार्यालय संचालन तथा प्रशासकिक खर्चका लागि आवश्यक रकम विनियोजन गरेको छु । साविकमा कर्मचारीहरुले खाइपाइ आएको पारिश्रमिकमा गाउँपालिकाको स्रोतले खप्ने सम्म नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने व्यवस्था मिलाएको छु । साथै कार्यसम्पादनमा आधारित प्रोत्साहान भत्ताका लागि आवश्यक कार्यविधि तर्जुमा गरि स्रोतको उपलब्धताका आधारमा आवश्यक निर्णय हुने व्यवस्था मिलाएको छु ।

११. मकै विउ उत्पादन कार्यक्रमका लागि रु ८ लाख रकम व्यवस्थापन गरेको छु ।

१२. महाबु गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थिहरुका लागि आवश्यक पाठ्यपुस्तक, दिवा खाजा, स्यानिटरी प्याड, छात्रवृत्ति वितरणका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

१३. म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य प्रवर्द्धन कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

१४. नागरिक आरोग्य केन्द्र संचालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

१५. राष्ट्रिय रोजगार कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा पालिकाको लागत साझेदारी कायम गर्न साझेदारीका लागि रु १० लाख ४७ हजार विनियोजन गरेको छु ।

१६. विगतमा अधुरा रहेका संरचनाहरुलाई आगामी आर्थिक वर्षमा सम्पन्न गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१७. महाबु गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार कार्यक्रमका लागि रु १ करोड ८० लाख बजेट व्यवस्थापन गरेको छु ।

१८. बाल संवेदनशिल सामाजिक सुरक्षा कार्यक्रमका लागि एभरेष्ट क्लब दैलेख संगको साझेदारी मार्फत कार्यक्रम संचालन गर्न १३ लाख ८२ हजार बजेट व्यवस्थापन गरेको छु भने सोका लागि आवश्यक साझेदारी रकम रु ७ लाख विनियोजन गरेको छु ।

१९. सहयोगी हातहरुको समुह सहास नेपाल संगको सहकार्यमा संचालन हुने सिआरभी परियोजना अन्तर्गतका विभिन्न कार्यक्रमहरु संचालनका लागि रु २८ लाख ३३ हजार बजेट व्यवस्थापन गरेको छु।

२०. सोसेक नेपाल संगको साझेदारीमा नेपालमा यौन तथा प्रजनन स्वास्थ्य र अधिकार (SRHR) सुधारका लागि स्वास्थ्य प्रणालीको उत्थानशीलता कार्यक्रमका लागि रु १० लाख १२ हजार २६५ बजेट व्यवस्थापन गरेको छु जसमा गाउँपालिकाबाट साझेदारीका लागि रु २ लाख ७८ हजार बजेट विनियोजन गरेको छु ।

२१. अपाङ्गता रोकथाम तथा पुनस्थापना साझेदारी कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२२. एकिकृत जलस्रोत व्यवस्थापन कार्यक्रम हेल्भेटास संगको साझेदारीमा खानेपानी योजना निर्माण र सरसफाई तथा स्वच्छता कार्यक्रम

संचालनका लागि आवश्यक साझेदारी रकम रु २३ लाख विनियोजन गरेको छु ।

**गाउँसभाका अध्यक्ष महोदय**
**गाउँसभाका सदस्यज्यूहरु**

नेपालको संविधानले हामीलाई सुम्पिएका दायित्वहरु र प्रचलित कानून बमोजिम मैले सम्मानित कार्यपालिकाको सर्वसम्मत निर्णय बाट आगामी आ.व. २०८३।०८४ का लागि योजना तथा बजेट तय गरि यस सम्मानित गाउँसभा समक्ष प्रस्तुत गरेको छु। प्राथमिकता प्राप्त कार्यक्रम अनुसार बजेट तयार गरेको छु। कार्यक्रम तयार गर्दा हाम्रा नीतिहरुलाई मुल आधारको रुपमा लिएको छु। साधन स्रोतको सिमितताले गर्दा उल्लिखित नीतिहरु र गाउँपालिकाबासीहरुले माग गरि पठाएका कार्यक्रमहरु पूर्ण रुपमा आगामी आर्थिक वर्ष २०८३।८४ को बजेटले सम्बोधन गर्न नसक्ने हुँदा त्यस्ता कार्यक्रमलाई पछि प्रकाशित हुने रातो किताबमा 'योजना बैंक'का रुपमा प्रकाशित गरि क्रमशः लागु गर्दै जाने प्रतिवद्धता समेत सम्मानित गाउँसभा समक्ष प्रेषित गरेको छु।

**गाउँसभाका अध्यक्ष महोदय**
**गाउँसभाका सदस्यज्यूहरु**

अव म सम्मानित गाउँसभा समक्ष माथि पेश गरेको महाबु गाउँपालिकाको गत आर्थिक वर्षको यथार्थ आय र व्यय, चालु आर्थिक वर्षको संसोधित आय र व्यय, आगामी आर्थिक वर्ष २०८३।०८४ को अनुमानित आय र व्ययको विवरण सम्मानित गाउँसभामा घनिभुत छलफल भै पारित हुनका

लागि प्रस्ताव गर्दछु। साथै, आगामी आर्थिक वर्ष २०८३।८४ को प्रस्तावित आर्थिक विधेयक २०८३ र विनियोजन विधेयक २०८३ का लागि प्रस्ताव गरियोस् भनि प्रस्ताव गरेको छु । साथै, यस महाबु गाउँपालिकाको कार्यान्वयन हुन पेश भएका उल्लिखित दुवै विधेयकहरु (आर्थिक विधेयक २०८३ र विनियोजन विधेयक २०८३) छलफल गरि पारित गर्न र आगामी आर्थिक वर्षका लागि ऐनको रुपमा कार्यान्वयन गर्न दुबै विधेयक यस सम्मानित गाउँसभा समक्ष प्रस्ताव गरेको छु।

**गाउँसभाका अध्यक्ष महोदय**
**गाउँसभाका सदस्यज्यूहरु**

उल्लेखित नीति, कार्यक्रम तथा बजेट विवरणमा सामान्य भाषिक र अंक गणितिय त्रुटिहरु हुन सक्छन। यसको लागि सम्मानित गाउँसभा समक्ष क्षमायाचना गर्दै यदि यसो हुन गएमा सच्याउनका लागि गाउँकार्यपालिका मार्फत सम्मानित गाउँसभा समक्ष सादर अनुमति मागेको छु। साथै आगामी आर्थिक वर्ष २०८३।०८४ को योजना तथा बजेट स्वीकृतीको लागि पेश गरेको छु। गाउँपालिकाको गत आर्थिक वर्ष २०८२/०८३ को यथार्थ आय र व्यय, आगामी आर्थिक वर्ष २०८३।०८४ कार्यक्रमगत खर्च समर्थनको लागि समेत पेश गरेको छु।

**गाउँसभाका अध्यक्ष महोदय**
**गाउँसभाका सदस्यज्यूहरु**

प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी समृद्ध महाबु गाउँपालिका निर्माण गर्नमा सहयोग तथा सहकार्यका लागि नेपाल सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदारहरु, निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ समुदाय, गाउँपालिकाका कर्मचारीहरु, आमनागरिक र सम्पूर्ण बुद्धिजीवी एवं प्रबुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

अन्त्यमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा रचनात्मक सल्लाह, सुझाव तथा सहयोग प्रदान गर्नुहुने विभिन्न राजनीतिक दलहरु, जनप्रतिनिधीज्यूहरु, विषयगत समितिका संयोजक एवम् सदस्यज्यूहरु, नागरिक समाज, पत्रकारज्यूहरु, विभिन्न विकास साझेदार निकाय तथा कर्मचारीमित्रहरु लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद ।**

मञ्जु कुमारी शर्मा पाण्डे
उपाध्यक्ष
महाबु गाउँपालिका दैलेख